# आर्थिक वर्ष २०८३/०८४ को
# विनियोजन विधयेक

**बारपाक सुलिकोट गाउँपालिका**
**गोरखा**
गण्डकी प्रदेश, नेपाल

## विनियोजन विधयेक, २०८३

**प्रस्तावना:** बारपाक सुलिकोट गाँउपालिका, गोरखाको आ.व. २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बारपाक सुलिकोट गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(**क**) यस ऐनको नाम **बारपाक सुलिकोट गाउँपालिकाको विनियोजन ऐन, २०८३** रहेको छ।

(**ख**)यो ऐन गाउँसभाबाट पारित भई ऐन बनेपश्चात २०८३श्रावण १ गते बाट प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८३/०८४ को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(क) आर्थिक वर्ष २०८३/०८४ को लागि गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको रकम समेत गरी जम्मा रकम रु ६६,२८,६८,०००.०० अक्षरुपी (छैसठ्ठी करोड अठ्ठाईस लाख अठ्सठ्ठी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:**

(क) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८३/०८४ को लागि बारपाक सुलिकोट गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ। यस ऐन द्वारा संचित कोषबाट खर्च गर्न प्रक्षेपित आयको विवरण अनुसुचि १ र खर्च गर्न दिइएको रकमको विवरण अनुसुचि २ मा राखिएको छ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट कम हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरु बाट अर्को एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ। पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च तर्फ विनियोजन रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ बमोजिम हुनेछ।

(ग) उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक भन्दा बढी शीर्षकहरुमा सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ ।

**अनुसूचि - १**
**दफा ३(क) सँग सम्बन्धित**
**प्रक्षेपित आयको विवरण**

## आयको अनुमान

| | शिर्षक | आ.व. २०८३/०८४ को अनुमान |
|---|---|---|
| १ | आन्तरिक आय | 45000000.00 |
| १.१ | दहत्तर बहत्तरको विक्रीबाट प्राप्त हुने आय | 15000000.00 |
| १.२ | एकीकृत सम्पति कर/ मालपोत कर | 8050000.00 |
| १.३ | घर बहाल कर | 500000.00 |

| | | |
|---|---|---|
| १.४ | बहाल विटौरी कर | 500000.00 |
| १.५ | अन्य प्रशासनिक सेवा शुल्क | 8200000.00 |
| १.६ | नक्सापास दस्तुर | 1000000.00 |
| १.७ | सिफारिस दस्तुर | 6000000.00 |
| १.८ | व्यक्तिगत घटना दर्ता दस्तुर | 1000000.00 |
| १.९ | नाता प्रमाणित दस्तुर | 700000.00 |
| १.१ | अन्य दस्तुर | 1000000.00 |
| १.११ | व्यवसाय कर | 1000000.00 |
| १.१२ | अन्य क्षेत्रको आय | 100000.00 |
| १.१३ | प्रशासनिक दण्ड जरिवाना र जफत | 100000.00 |
| १.१४ | धरौटी सदरस्याहा | 350000.00 |
| १.१५ | बेरुजु असुल | 1500000.00 |
| २ | संघीय सरकारबाट प्राप्त | 447400000.00 |
| २.१ | समानिकरण अनुदान | 138700000.00 |
| २.२ | शसर्त अनुदान | 277800000.00 |
| २.३ | समपुरक अनुदान | 20900000.00 |
| २.४ | विशेष अनुदान | 10000000.00 |
| ३ | प्रदेश सरकारबाट प्राप्त | 28468000.00 |
| ३.१ | समानिकरण अनुदान | 18471000.00 |
| ३.२ | शसर्त अनुदान | 000000.00 |
| ३.३ | समपुरक अनुदान | 6000000.00 |
| ३.४ | विशेष अनुदान | 3997000.00 |
| ४ | राजश्व बाडँफाड | 102571000.00 |
| ५ | सवारी साधन कर बाँडफाँड | 10238000.00 |
| ६ | बैंक .अल्या | 29191000.00 |
| | **जम्मा** | **662868000.00** |

**अनुसूचि - २**

**दफा ३(क) सँग सम्बन्धित**

**व्ययको विवरण**

| व्ययको अनुमान | |
|---|---|
| शिर्षक | आ.व २०८३/०८४ को अनुमान |
| प्रशासनिक खर्च, पारिश्रमिक तथा संस्थागत क्षमता विकास | 128,850,000 |
| संघीय सरकार (समपुरक अनुदान) | 41,800,000 |
| संघीय सरकार (सशर्त अनुदान) | 277,800,000 |
| संघीय सरकार( विशेष अनुदान) | 10,000,000 |
| प्रदेश सरकार (समपुरक अनुदान) | 12,000,000 |
| प्रदेश सरकार( विशेष अनुदान) | 3,997,000 |
| १-८ वडाको लागि बजेट | 42,100,000 |
| राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी कोष | 2,000,000 |
| गाउँपालिका स्तरीय योजना तथा कार्यक्रम | 28,500,000 |
| क्रमागत योजना सडक | 34,300,000 |
| सडक (अन्य) | 7,300,000 |
| उर्जा | 800,000 |
| सिंचाई | 1,000,000 |
| संचार तथा सूचना प्रविधि | 500,000 |
| पर्यटन | 2,000,000 |
| सहकारी तथा वित्तीय क्षेत्र | 300,000 |
| खानेपानी तथा सरसफाई | 1,500,000 |
| विपद व्यवस्थापन | 2,000,000 |
| वन, वातावरण तथा भु-संरक्षण | 1,500,000 |
| न्यायिक समिति | 1,500,000 |

| | |
|---|---|
| शिक्षा | 23,531,000 |
| युवा तथा खेलकुद | 4,900,000 |
| स्वास्थ्य | 18,440,000 |
| सामाजिक समावेशीकरण | 5,550,000 |
| कृषि विकास | 3,850,000 |
| पशु सेवा | 4,050,000 |
| पंजीकरण | 300,000 |
| भवन निर्माण | 2,000,000 |
| लघु उद्यम | 500,000 |
| **जम्मा** | **662,868,000** |

धन्यवाद !!!